# सम्पन्न गतिविधिहरुका झलकहरू



कर्मचारी स्वागत तथा बिदाई



प्रदेशको उत्कृष्ट कृषि कार्यालयको रुपमा प्राप्त सम्मान पत्र कार्यालयलाई हस्तान्तरण



ओजेटी बिदाई



स्मार्ट कृषि गाउँका कृषकहरुलाई बालीवस्तु विशेष तरकारी खेती तालिम



कार्यालयको धान रोप्ने मेसिनबाट गरिएको धान खेती प्रदर्शनी अनुगमन राजापुर, बर्दिया



नमुना प्रदर्शन स्थलमा थारु आलु खेती प्रदर्शनी

**पठाउने**

**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**

**खजुरा, बाँके**

फोन नं. ०८१५६०४४२
E-mail: abpstckhajura@gmail.com
Web: abpstc.lumbini.gov.np

**पाउने**

नामः-----------------------------------------

ठेगानाः---------------------------------------

-----------------------------------------

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा
# चौमासिक बुलेटिन

वर्ष १ अंक १ आ.व. २०७८/०७९

**संरक्षक**
श्रीधर ज्ञवाली
निमित्त प्रमुख

**प्रधान सम्पादक**
अनिश श्रेष्ठ
कृषि प्रसार अधिकृत
(अधिकृतस्तर सातौं)

**सह सम्पादक**
विवेक पन्त
कृषि प्रसार अधिकृत,
(अधिकृतस्तर सातौं)

विष्णुराज श्रेष्ठ
(लेखा, अधिकृतस्तर छैठौं)

भोला प्रसाद शर्मा
(प्रशाशन, अधिकृतस्तर छैठौं)

राधिका पौडेल
(अधिकृतस्तर छैठौं)

खडक बहादुर बस्नेत
(अधिकृतस्तर छैठौं)

**डिजाईन एण्ड प्रिन्ट**
शान्ति प्रेस
सुर्खेतरोड, नेपालगंज (बाँके)
सम्पर्क ०८१-५२०६६१
shantipress2078@gmail.com

**प्रकाशक**
प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र
खजुरा, बाँके
फोन नं. : ०८१-५६०४४२
Email : abpstckhajura@gmail.com
Website: abpstc.lumbini.gov.np
किसान कल सेन्टर : १६६०८१५२०९९

## सम्पादकीय

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश मातहतका निकाय र प्रदेश भित्रका स्थानिय तहमा कार्यरत कृषि प्राविधिकहरु तथा अगुवा कृषकहरुलाई बिभिन्न विषयमा प्रदेश स्तरीय तालिम तथा सहयोग प्रदान गरी कृषिको आधुनिकिकरण, व्यवसायिकरण र कृषि व्यवसाय प्रवर्द्धनमा महत्वपूर्ण भुमिका खेल्दै आईरहेको कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा बाँकेबाट चौमासिक रुपमा प्रकाशन गरिने बुलेटिन बमोजिम आ.व. २०७८/७९ को प्रथम चौमासिकमा यस कार्यालयले गरेका गतिविधि र प्राप्त उपलब्धिहरुको सार्वजनिकीकरणका निमित्त यस प्रथम चौमासिक बुलेटिन प्रकाशन गरिएको छ। यसरी चौमासिक रुपमा प्रकाशन गरिएको बुलेटिनमा सम्बन्धित चौमासिकका सम्पन्न तालिम, सहभागी विवरण र अन्य गतिविधिहरुलाई लिपिबद्ध गरिएको छ।

लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा ४५ प्रतिशत योगदान गर्ने यस कृषि क्षेत्र झट्ट हेर्दा सम्पन्न देखियता पनि अझै व्यवस्थित तथा पहुँच मुलक उत्पादन सामाग्री, कृषि कर्जा तथा कृषि बजारीकरणको समस्यासँग जुझिरहेको छ । जसको समाधानको लागि कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय तथा मातहतका निकायहरु लागि परिरहेका नै छन् । व्यवसायिक कृषि बिना लुम्बिनी प्रदेश र समग्र देश नै विकास तर्फ अगाडी बढ्न नसक्ने भएकाले कृषि क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्दै स्थानीय स्रोत साधन र आधुनिक प्रविधिको प्रयोग गर्दै व्यवसायिक र निर्यातमुखी कृषि तर्फ आपसी समन्वय र तालमेलका साथ सम्बन्धीत सबै सरोकारवालाहरु अगाडी बढ्नु जरुरी छ। सो बमोजिम यस कार्यालयले आ.व. २०७८/७९मा कृषक र कृषि क्षेत्रलाई व्यावसायिकता तर्फ बढाउन लागि कृषि व्यवसायिक योजना निर्माणमा सहयोग, कृषि प्राविधिक तथा कृषकहरुको क्षमता अभिवृद्धि तालिम संचालन, किसान कल सेन्टर संचालन, तथा आधुनिक प्रविधि पुस्तिका प्रकाशन जस्ता कार्यक्रम प्राथमिकता साथ संचालन गर्न गैरहेको छ।

यस अंकमा प्रथम चौमासिकमा संचालित गतिविधि तथा केहि ज्ञान मुलक लेखहरु पनि समावेश गरिएको छ। जसले कृषक वर्ग र कृषि क्षेत्रमा कार्यरत प्राविधिकहरुलाई कार्यालयका गतिविधिका साथ-साथै केहि प्रविधिहरु सम्बन्धी ज्ञान पनि यस प्रकाशनले दिनेछ भन्ने अपेक्षा गरिएको छ। चौमासिक रुपमा प्रकाशन हुने यस बुलेटिनलाई सके सम्म लाभदायक तथा समय सापेक्ष तुल्याउन र आगामी प्रकाशनमा यसलाई अझै परिष्कृत बनाउन पाठक वर्गबाट सल्लाह, सुझाव र लेख रचनाहरु समेत अपेक्षा राखिएको छ।

**यस भित्र**

- कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा बाँकेको कार्य विवरण
- स्वीकृत वार्षिक कार्यक्रम
- प्रथम चौमासिक प्रगति विवरण
- तालिम सहभागीहरुको विवरण
- जानकारी मुलक लेखहरु
- कार्यालयका गतिविधिकाका झलकहरु

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको कार्यविवरण

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तर्गत कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धीत निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनसंग सम्वन्धित निकायहरु बीच समन्वय कायम गर्ने,
- विदेशबाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाई उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग,
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, सीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने,
- तोकिएको शुल्क लिइ अन्य निकायबाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुबाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा सिप विकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने।

## मकैबालीमा अमेरिकन फौजी किरा व्यवस्थापन

अमेरिकन फौजी कीरा (American Fall Armyworm) पुतली वर्गको रातीमा चरण गर्ने किरा हो। यसको वैज्ञानिक नाम *Spodoptera frugiperda* हो। मुख्यतया  मकैबालीमा आक्रमण गर्ने यस किराले जुनेलो, उखु, घाँसे बालीहरु धान, गहुँ, कोदो, बदाम, भटमास, कपास, काउली वर्गका बालीहरू, तेलहन, लहरे तरकारी, गोलभेडा आदी बालीहरुमा समेत क्षति पुऱ्याउने गर्दछ। मिति २०७६ श्रावण २७ गतेको बैठकले नेपालमा यस किराले प्रवेश गरेको आधिकारिक पुष्टी गरेको थियो।

### जीवनचक्र तथा पहिचान

अमेरिकन फौजी किराको जीवन चक्रमा अण्डा, लार्भा, अचल अवस्था र वयस्क पुतली गरी चार अवस्थाहरु हुन्छन्। वयस्क लार्भामा पहिचानको लागी लार्भाको पेटको आठौँ खण्डको माथि तिर वर्गाकार रुपमा मिलेर रहेका ४ ओटा काला थोपाहरु स्पष्ट रुपमा देख्न सकिन्छ भने शरिरको अन्य भागमा पनि केही उठेका काला थोप्लाहरु र  ती थोप्लामा  मसिना रौँहरु पनि देखिन्छन्। लार्भाको निधारमा दुई वटा आखाँको बीच भागमा अंग्रेजी अक्षरमा उल्टो Y जस्तो चिन्ह देखिन्छ। शरिरको माथिल्लो भागमा तिन वटा हल्का पहेलो रगका धर्काहरु टाउकोको पछाडी देखी पेटको अन्तिम भाग सम्म समानान्तर रुपमा रहेको प्रष्ट देखिन्छ। बयस्क पुतलीहरु खरानी मिश्रित खैरो रंगका हुन्छन्। भाले तथा पोथी पतली दुवै पछिल्लो पखेटा सेतो र भित्रि किनारामा कालो धर्सा भएको हुन्छ। भाले पुतलीको अघिल्लो पखेटाहरुको टुप्पोमा ठुलो सेतो धब्बा हुन्छ भने बिचतिर अण्डाकार हल्का खैरो रंगको धब्बा देखिन्छ। पोथी पुतलीमा यस्ता धब्बाहरु देखिदैनन्।



अण्डा







तालिम पाठयक्रम निर्माण/परिमार्जन तथा अन्तरप्रदेश अनुभव आदान प्रदान गोष्ठी



कर्मचारी बिदाई



कर्मचारी बिदाई



ओजेटी परिचालन



नमुना प्रविधि प्रदर्शन स्थलमा धान रोप्ने मेसिनबाट खेती प्रदर्शनी



अनलाईन तालिम आवेदन प्रणाली



वार्षिक कार्यक्रम तथा खर्च सार्वजनिकीकरण गोष्ठी



ओजेटी बिदाई



पालेघर निर्माण सिलन्यास



तालिम सहभागीहरु प्रयोगात्मक अभ्यास गर्दै




कार्यालयको प्रशिक्षक रोष्टर प्रणाली



### क्षतिको लक्षण

यस किराको लार्भा अवस्थाले मकैको पात, गुभो लगायत धान चमरा, जुँगा, घोगा तथा डाँठमा समेत क्षति पुऱ्याउँदछ। अण्डाबाट निस्कने बित्तिकै कलिला लार्भाहरुले पात खान थाल्दछ, जसले गर्दा पातमा सिसाको झ्याल जस्ता आकृतीहरु देखा पर्दछन्। चौथो अवस्थामा आईपुग्दा लार्भाले गुभो भित्र पसी पातहरु छियाछिया पारेर नोक्सान गर्दछ। यदि विरुवाको कलिलो अवस्था छ भने गुभो मर्न सक्दछ, जसले गर्दा नयाँ पात पलाउन र घोगा लाग्न सक्दैन। हुर्कीसकेको तथा घोगा लागी सकेको विरुवाको हकमा लार्भाले घोगाको खोष्टामा खान थाल्दछ र दाना लाग्दै गरेको घोगामा समेत पसेर नोक्सान गर्दछ। लार्भाहरु बढ्दै जादाँ परभक्षि स्वभावका समेत हुन्छन्। किराको आक्रमण भएको ठाँउमा काठको धुलो जस्तो बिष्टा पनि प्रशस्त मात्रामा देखिन्छ। मकैमा किराको आक्रमण अत्याधिक भएको अवस्थामा पातहरु असिनावाट भएको क्षति जस्तै छियाछिया भएको देखिन्छ। केहि उदाहरणहरु यस प्रकार छन्;






### व्यवस्थापन

यो किराको व्यवस्थापनको लागि एउटै मात्र उपाय प्रभावकारी हुन नसक्ने हुँदा एकिकृत शत्रुजीव व्यवस्थापनका उपायहरु अवलम्वन गर्नुपर्दछ।

- सके सम्म बर्षात शुरु हुना साथ चाडै मकै रोप्ने र वरपर सबैले सके सम्म एकै समयमा मकै रोप्ने।
- मकै बालीमा अन्तर बालीको रुपमा यस किरालाई मन नपर्ने बालीहरु जस्तै डेस्मोडियम घाँस, तरुल, सिमल तरुल आदि लागाउने।
- मकैको जात छनौट गर्दा सके सम्म खोष्टाले पुरा घोगा छोपिने जातको मकै लगाउने।
- खेतवारीको वरिपरि फुल फुल्ने विरुवाहरु लगाई मित्रजीवहरु जस्तैः माकुरा ब्राकोनिड आदीको सरक्षण गर्ने।
- मकै रोफ्नु अघि इमिडाक्लोप्रिढ ४८ प्रतिशत एफ.एस. बिषादी ४ मि.लि. किलोग्रामको दरले बीउ उपचार गरेर रोप्नु पर्दछ।
- स्वस्थ विरुवाले किराको आक्रमण सहन गर्न सक्ने भएकाले सिफारिश बमोजिमको सन्तुलित मात्रामा मालखाद र सिचाईको व्यवस्थापन गर्नुपर्दछ।
- निरिक्षणको क्रममा पातको तल्लो भागमा अण्डाहरुको थुप्रो तथा लार्भाहरु भेटिएमा संकलन गरी नष्ट गर्नुपर्दछ।
- पातमा सेता लाम्चा झिल्ली सहित प्वाल देखा परेमा नीमजन्य बिषादी एजाडिराक्टिन १५०० पिपिएम ५ मि.लि. प्रति लिटर पानीमा मिसाएर छर्ने।
- मकैको पात तथा गुभोमा लार्भाको क्षतिको लक्षण देखिएमा अनिवार्य रुपमा तल दिईएका रासायनिक विषादीहरु आलोपालो गरी छर्नुपर्दछ।
- इमामेक्टिन बन्जोएट ५ प्रतिशत एस.जी.१ ग्राम प्रति २.५ लिटर पानीका दरले वा क्लोरएन्ट्रानिलिप्रोल १८.५ प्रतिशत एस.जी. १ मि.लि. प्रति २.५ लिटर पानीका दरले वा स्पाइनोस्याड ४५ प्रतिशत एस.जी. १ मि.लि. प्रति ३ लिटरका दरले मिसाएर छर्ने।

## गहुँको सिन्दुरे रोग र त्यसको व्यवस्थापन



गहुँमा मुख्य गरी दुइ प्रकारका सिन्दुरे रोगको प्रकोप देखिन्छ।

### १. गहुँको पहेंलो सिन्दुरे रोग

यो रोग नेपालको मध्य पहाडी भाग तथा उपत्यका क्षेत्रमा मुख्य गरी देखा परेको पाइन्छ। यो रोग लागेमा ८०% सम्म उत्पादनमा ह्रास आउँछ। प्रशस्त सापेक्षिक आद्रता तथा १६ डी. से. तापक्रममा यस रोग उच्च मात्रामा फैलिन्छ। यो रोग *Puccinia striiformis* नामक ढुसीले गर्दा लाग्ने गर्छ।

#### यसको लक्षण

- पातको माथिल्लो सतहमा पहेंलो रङ्गको मसिनो लाम्चो फोकाहरु देखिन्छ। त्यस्ता फोकाहरु एक अर्कासंग धर्सा जस्तो देखिने गरी मिलेर बसेको हुन्छ। त्यसैले यस रोगलाई धर्से रोग पनि भनिन्छ।
- त्यस्ता फोका र धर्साहरुलाई छुँदा पहेंलो धुलो टासिन्छ।
- रोगको प्रकोप बढ्दै जाँदा पात बाहेक डाँठ, दाना तथा दानाको जुँगामा समेत लक्षण देखिन्छ।
- रोग नियन्त्रण नगरेमा बोट सुक्दै जान्छ र दाना नलाग्ने वा चाउरीएका दानाहरु मात्र लाग्ने समस्या हुन्छ।

#### व्यवस्थापन

- उपयुक्त समयमा बाली लगाउने।
- रोग अवरोधक जातहरु जस्तै : पासाङल्हामु, ⊕☺ -१२०४, धौलागिरी, गौरा आदि को प्रयोग गर्ने।
- रोग संवेदनशील जातहरु जस्तै : अन्नपूर्ण २, अन्नपूर्ण ४ बि.एल. १४७३ तथा अन्य स्थानीय जातहरुको प्रयोग नगर्ने।
- सन्तुलित मलखादको प्रयोग गर्ने, विशेष गरी नाइट्रोजन आवश्यकता भन्दा बढी प्रयोग नगर्ने।
- रोगको प्रकोप बढी हुँदै गएमा प्रोपिकोनाजोल २५% इसी ०.७५ ग्राम प्रति लिटर पानीमा मिसाई २ हप्ताको फरकमा ३ पटक प्रयोग गर्ने।
- मेंकोजेब ७५% डब्लु पि ३ ग्राम प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक प्रयोग गर्ने।

### २. गहुँको खैरो सिन्दुरे रोग



यो रोग नेपालको तराई क्षेत्रमा मुख्य गरी देखा परेको पाइन्छ। हाल आएर यस रोगको प्रकोप भित्रि मधेस, मध्य पहाड तथा उपत्यका क्षेत्रमा समेत देखिन थालेको छ। यस रोगले २०% सम्म नोक्सान पुऱ्याउँछ। यो रोग तराईमा पौषको पहिलो हप्ता देखि देखा पर्न थाल्छन्। बढी आद्रता र कम तापक्रम भएको अवस्थामा यस रोगको प्रकोप बढी देखिन्छ।

#### यसको लक्षण

- पातको माथिल्लो सतहमा सुन्तला रङ्गको फोकाहरु देखिन्छ। त्यस्ता फोकाहरु एक अर्कामा नमिली छुट्टाछुट्टै रहेका हुन्छन्।
- त्यस्ता फोका र धर्साहरुलाई छुँदा खैरो सिन्दुर जस्तो धुलो टासिन्छ।
- रोग नियन्त्रण नगरेमा बोट सुक्दै जान्छ र दाना नलाग्ने वा चाउरीएका दानाहरु मात्र लाग्ने समस्या हुन्छ।

#### व्यवस्थापन

- उपयुक्त समयमा बाली लगाउने।
- रोग अवरोधक जातहरु जस्तैः भृकुटी, गौतम, अच्युत, आदित्य, बिजय, बि.एल. १४७३ आदि जातको प्रयोग गर्ने।
- सन्तुलित मलखादको प्रयोग गर्ने, विशेष गरी नाइट्रोजन आवश्यकता भन्दा बढी प्रयोग नगर्ने।
- रोगको प्रकोप बढी हुँदै गएमा प्रोपिकोनाजोल २५% इसी ०.७५ ग्राम प्रति लिटर पानीमा मिसाई २ हप्ताको फरकमा ३ पटक प्रयोग गर्ने।
- मेंकोजेब ७५% डब्लु पि ३ ग्राम प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक प्रयोग गर्ने।



**स्तर : कृषक**

**तालिमको विषय : स्मार्ट कृषि गाउँका कृषकहरुलाई बाली बस्तु विशेष तरकारी खेती तालिम**

**तालिम अवधि : मिति २०७८/०७/२८ देखि २०७८/०८/०३ गते सम्म (६ कार्य दिन)**

| क्र.स. | सहभागीको नाम | लिंग | ठेगाना | सम्पर्क न |
|---|---|---|---|---|
| १ | सिता महतरा | महिला | खजुरा गाउँपालिका २ बाँके | ९८१२५०१९६७ |
| २ | मति पुजा सुबेदी क्षेत्री | महिला | बैजनाथ गाउँपालिका ४ बाँके | ९८६६२३७६०३ |
| ३ | हिमलाल पुरी | पुरुष | रुरुक्षेत्र गाउँपालिका ५ गुल्मी | ९८४७१६६८६१ |
| ४ | फुलराम थारु | पुरुष | शिवराज नगरपालिका १ कपिलवस्तु | ९८११४४१४७९ |
| ५ | शिवमोहन थारु | पुरुष | शिवराज नगरपालिका १ कपिलवस्तु | ९८१३८१३८९८ |
| ६ | रजिता चौधरी | महिला | गुलरिया नगरपालिका ४ बर्दिया | ९८४४८४७४८९ |
| ७ | दशरथ भण्डारी | पुरुष | छत्रकोट गाउँपालिका १ गुल्मी | ९८६०५२६७७६ |
| ८ | कमल भुसाल | पुरुष | रम्भा गाउँपालिका १ पाल्पा | ९८६७१४२३५१ |
| ९ | शम्भु नेपाल | पुरुष | रिब्दीकोट गाउँपालिका ६ पाल्पा | ९८४०३२१६२० |
| १० | कृष्ण बहादुर थापा | पुरुष | मल्लरानी गाउँपालिका २ प्युठान | ९८४४९०९९२७ |
| ११ | ईश्वर बहादुर पुन | पुरुष | माण्डवी गाउँपालिका २ प्युठान | ९८६६३०८०२० |
| १२ | पन्नेलाल केवट | पुरुष | तिलोत्तमा नगरपालिका १४ रुपन्देही | ९८१९४०३४२७ |
| १३ | गंगाराम गुप्ता | पुरुष | लुम्बिनी सस्कृति नगरपालिका ९ रुपन्देही | ९८२१९०९३७३ |
| १४ | रबीलाल चौधरी | पुरुष | घोराही उपमहा नगरपालिका ७ दाङ | ९८६८६२२६५७ |
| १५ | टेकु लाल चौधरी | पुरुष | शान्तिनगर गाउँपालिका ७ दाङ | ९८०९७६३४७१ |
| १६ | जीव नारायाण ढुङ्गना | पुरुष | सन्धिखर्क नगरपालिका २ अर्घाखाची | ९८६७१८१९६६ |
| १७ | नरेन्द्र बहादुर बुढामगर | पुरुष | शितगंगा नगरपालिका १४ अर्घाखाँची | ९८४४७०५९७६ |
| १८ | सुन्दर रेश्मी | पुरुष | भुमिकास्थान नगरपालिका ३ अर्घाखाँची | ९८४७३४१४६१ |
| १९ | कुलबिर चौधरी | पुरुष | तुलसीपुर उपमहा नगरपालिका १४ दाङ | ९८६६८१७४४२ |
| २० | कमल खड्का | पुरुष | लुंग्री गाउँपालिका ४ रोल्पा | ९७४२५९५४१९ |
| २१ | नरेश जि सी | पुरुष | लुंग्री गाउँपालिका ४ रोल्पा | ९८६९६९९७९४ |
| २२ | रुपा चौधरी | महिला | बढैयाताल गाउँपालिका ७ बर्दिया | ९७४६५३३१०४ |
| २३ | तिलक कुमारी थारु | पुरुष | राप्तीसोनारी गाउँपालिका बाँके | ९८४२८०३३७० |



कर्मचारी बिदाई



ओजेटी बिदाई

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहायेग तथा तालिम केन्द्र

खजुरा, बाँके


**आ.ब. २०७८/०७९ मा सञ्चालित कार्यक्रमको वित्तीय र भारीत प्रगति सारांश**

आर्थिक वर्ष २०७८/०७९ | रकम रु. हजारमा | महिना : कार्तिक

| क्र.स. | ब.उ.शी.न. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित बजेट | | | | खर्च रकम | | वित्तीय भार | | विनियोजनको तुलनामा खर्च प्रतिशत | | वार्षिक भारीत प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | कार्तिक महिनाको खर्च | कार्तिक महिना सम्मको | बजेट | प्रगति | प्रथम चौ. | वार्षिक | वार्षिक लक्ष्य | वार्षिक प्रगति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| पूँजीगत | | | | | | | | | | | | | | | |
| २ | ३१२०१०१२४ | साधारण (पूँजीगत) | २७०० | २५०० | १०० | १०० | २९८.६९७ | २९८.६९७ | ७.६० | ७.५६ | ११.९५ | ११.०६ | | | |
| पूँजीगत जम्मा | | | २७०० | २५०० | १०० | १०० | २९८.६९७ | २९८.६९७ | ७.६० | ७.५६ | ११.९५ | ११.०६ | | | |
| चालू | | | | | | | | | | | | | | | |
| ३ | ३१२०००१८३ | कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम | ४०२० | १०५५ | १२१० | १७५५ | ९१.९९७ | १८३.४९७ | ११.३२ | ४.६४ | ८.७२ | ४.५६ | | | |
| ५ | ३१२०००२२३ | कृषि क्षमता अभिवृद्धि तथा सीप विकास तालिम कार्यक्रम | १५४९८ | ५७७४ | ६२२५ | ३४९९ | ५४१.१३० | ७७६.६१० | ४३.६४ | १९.६५ | ९.३७ | ५.०१ | | | |
| ६ | ३१२०१०१२३ | साधारण (चालू) | १२९३८ | ४५३०.० | ४३६४.० | ४०४५ | ६११.५७४ | २६९२.८४८ | ३६.४३ | ६८.१४ | १३.५० | २०.८१ | | | |
| ६ | ३५०००१२०३ | सामाजिक विकास मन्त्रालय (संघ शसर्त अनुदान) | ३६० | १२० | १२० | १२० | ०.००० | ०.००० | १.०१ | ०.०० | ०.०० | ०.०० | | | |
| चालू जम्मा | | | ३२८१६ | ११४७९.० | ११९१९ | ९४१९ | १२४४.७०१ | ३६५२.९६ | ९२.४० | ९२.४४ | १०.८४ | ११.१३ | | | |
| कूल | | | ३५५१६ | १३९७९ | १२०१९ | ९५१९ | १५४३.३९८ | ३९५१.६५ | १०० | १०० | ११.०४ | ११.१३ | | | |



## टमाटरको पछौटे डडुवा रोग र त्यसको व्यवस्थापन





यो *Phytopthora infestans* नामक ढुसीले गर्दा लाग्ने रोग हो। यो रोग टमाटरमा लाग्ने रोगहरु मध्य एउटा ज्यादै क्षति गर्ने रोग हो। यस रोगले टमाटरका अलावा सोलेनेसी परिवारका आलु, खुर्सानी, भेडे खुर्सानी, भान्टा आदि जस्ता बालीमा क्षति पुऱ्याउने गरेको छ।

### रोगका लक्षणहरु

- सुरुमा टमाटरको पातमा पानीको थोपाले भिजेको जस्तो स-साना थोप्लाहरु देखिन्छन।
- पछी गएर यी थोप्लाहरु कालो रङ्गमा देखिन्छन्।
- यी काला थोप्लाहरु पुरै पात, डाठ र फलमा फैलिएर जान्छन्।
- अन्तमा बोट पुरै डढेर मर्दछ।

### रोगका रोकथामका उपायहरु

- बाक्लो गरी बिरुवा रोप्दा राम्रोसंग हावा खेल्न नपाउने अवस्थामा यस रोगको प्रकोप बढ्ने भएकाले धेरै बाक्लो गरी बिरुवा नलगाउने।
- सिचाई तथा नाइट्रोजन युक्त मल बिरुवालाई जथाभावी नदिने।
- खेति गर्दा पानीको राम्रो निकासको व्यवस्था गर्ने र डुबान हुन लागे पानी कटाउने व्यवस्था गर्ने।
- पात र डाठलाई माटोमा छुन नदिन समयमै थाक्रा दिने।
- रोगका लक्षण देखिएको पात, डाठ र फलहरु देख्ना साथ काटेर फाल्ने र बोट पुरै रोगी तुरुन्त नास गर्ने।
- प्रतिकुल मौसम आउना साथ ढुसिनासक विषादी छर्ने।

### रोगको उपचार

- प्राङ्गारिक खेति भए सुरु देखि नै ट्राइकोडर्मा भिरिडी २ एम एल वा ५ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझ पख ५-७ दिनको फरकमा २-३ पटक स्प्रे गर्ने।
- रोगको लक्षण देखिन थालेमा बोडी मिश्रणलाई ७ दिनको फरकमा २ पटक छर्ने।
- रोग सुरु हुने बेला देखि कपर अक्सिक्लोराइड (ब्लाईटक्स ५०% WP) १.५ ग्राम र मेन्कोजेव ७५%WP (डाइथेनम-४५) १.५ ग्राम मिलाई जम्मा ३ ग्राम प्रति लिटर पानीमा मिसाएर ७-१० दिनको फरकमा बोट राम्ररी भिज्ने गरी छर्कने।
- क्लोरोथालोनिल ७५% WP १.५ ग्राम वा प्रोपिनेब ७०% WP ३ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्ने।
- डाइमेथोमोर्फ ५०% WP १.५ ग्राम वा फेनामिडोन१०% मेन्कोजेव ५०% WG ३ ग्राम प्रति लिटर पानीमा मिसाएर छर्ने।




आ.ब. २०७७/७८ को वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरण



ओजेटी परिचालन

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहायेग तथा तालिम केन्द्र

खजुरा, बाँके

## आ.ब. २०७८/०७९ को सवीकृत वार्षिक कार्यक्रम

बजेट रु. लाखमा

| क.स. | कार्यक्रम/कृयाकलाप | इकाई | वार्षिक लक्ष्य | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| क | **कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा विस्तार कार्यक्रम (ब.उ.शी.नं. ३१२०००१८३)** | | | | | | | | | | |
| १ | वार्षिक प्रगति तथा तथाङ्क पुस्तिका प्रकाशन (छपाई खर्च) | पटक | १ | ०.७५ | १ | ०.७५ | ० | ०.०० | ० | ०.०० | |
| २ | कृषि व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक योजना तयारी सम्बन्धी सफ्टवयर निर्माण (अन्य) | पटक | १ | ८.०० | ० | ०.०० | ० | ०.०० | १ | ८.०० | |
| ३ | वेवसाईट तथा प्रशिक्षण रोष्टर प्रणाली संचालन (परामर्श सेवा खर्च) | पटक | १ | ३.०० | १ | ३ | ० | ०.०० | ० | ०.०० | |
| ४ | कृषि उधमी तथा व्यवसाय संकलन र प्रवर्द्धनका लागि आवश्यक स्रोत प्रविधि र सेवा प्रासिका लागि सरोकारवालाहरु बीच अन्तरकिया गोष्ठि तथा कार्यशाला । | पटक | १ | ३.०० | ० | ० | १ | ३.०० | १ | ०.०० | |
| ५ | बगैचा सुधार तथा व्यवस्थापन कार्य (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन/वितरण) | पटक | १ | ०.५० | ० | ०.०० | ० | ०.०० | १ | ०.५ | |
| ६ | प्रदेशस्तरका कृषि उद्यमी /व्यवसायिकहरुको विवरण संकलन कम्पाईलेसन र अभिलेखिकरण अध्ययन/सर्वेक्षण/अनुसन्धान | पटक | २ | ३.६० | ० | ०.०० | १ | १.८० | १ | १.८ | |
| ७ | यन्त्र उपकरण सामाग्री खरिद सहित कृषक कल सेन्टर स्थापना तथा संचालन (कृषि विकास कार्यक्रम) | पटक | ३ | १५.०० | १ | ५.०० | १ | ५.०० | १ | ५.०० | |
| ८ | कृषि प्रविधि प्रदर्शन कार्यक्रम (कृषि विकास कार्यक्रम) | पटक | ५ | ५.०० | १ | १.०० | २ | २.०० | २ | २.०० | |
| ९ | कार्यक्रम सार्वजनिकीकरण (खाद्य तथा पोषण कार्यक्रम) | पटक | १ | ०.५० | १ | ०.५० | ० | ०.०० | ० | ०.०० | |
| १० | कार्यक्रम अनुगमन तथा मुल्याङ्कन र भ्रमण)(अनुगमन तथा मुल्याङ्कन तथा कार्यक्रम कार्यानवयन भ्रमण खर्च) | महिना | ३ | ०.८५ | १ | ०.३ | १ | ०.३० | १ | ०.२५ | |
| ख | **कृषि क्षमता अभिबृद्धि तथा सिप विकास तालिम कार्यक्रम (ब.उ.शी.नं. ३१२०००२२३)** | | | | | | | | | | |
| १ | ब्रोसर/फ्लेक्स प्रिन्ट/बुकलेट / पम्पलेट/ पुस्तिका प्रकाशन तथा वितरण (छपाई खर्च ) | पटक | ३ | ४.०० | १ | १.०० | १ | २.०० | १ | १.०० | |
| २ | कर्मचारी क्षमता विकास तालिम ((कर्मचारी दक्षता बृद्धि तालिम प्रमाणपत्र दिने ) | पटक | २ | ८.०० | १ | ४.०० | १ | ४.०० | ० | ०.०० | |
| ३ | कर्मचारीलाई विषयगत तालिम (स्थानिय तह तथा प्रदेश) ((कर्मचारी दक्षता बृद्धि तालिम प्रमाणपत्र दिने ) | पटक | ४ | १६.०० | १ | ४.०० | २ | ८.०० | १ | ४.०० | |
| ४ | आधारभुत सेवाकालिन तालिम सहायक स्तर पाचौ (कर्मचारी क्षमता बृद्धि तालिम प्रमाणपत्र दिने ) | पटक | १ | १७.५० | १ | १७.५० | ० | ०.०० | ० | ०.०० | |
| ५ | आधारभुत सेवाकालिन तालिम सहायक स्तर चौथो (कर्मचारी क्षमता बृद्धि तालिम प्रमाणपत्र दिने ) | पटक | १ | १७.५० | ० | ०.०० | १ | १७.५० | ० | ०.०० | |
| ६ | अधिकृतस्तर कर्मचारी क्षमता बृद्धि तालिम स्थानीय तथा प्रदेश कर्मचारी दक्षता बृद्धि तालिम प्रमाण पत्र दिने | पटक | २ | १०.०० | १ | ५.०० | १ | ५.०० | ० | ०.०० | |
| ७ | स्मार्ट कृषि गाउका कृषकहरुलाई विषयगत तालिम (उद्यमशिलता रोजगारीमुलक/सशक्तिकरण/ सिप विकास तथा क्षमता विकास तालिम) | पटक | २ | ७.६८ | १ | ३.८४ | ० | ०.०० | १ | ३.८४ | |
| ८ | मागमा आधारित क्षमता अभिबृद्धि तथा सिप विकास तालिम (अनफर्म तालिम गोष्ठी तथा कार्यशाला | पटक | १२ | ४५.०० | २ | ७.५० | ५ | १८.७५ | ५ | १८.७५ | |
| ९ | तालिम पाठ्यक्रम निर्माण परिमार्जन तथा अन्तरप्रदेश अनुभव आदान प्रदान (गोष्ठि तथा कार्यशाला) | पटक | १ | २.०० | १ | २.०० | | ०.०० | ० | ०.०० | |
| १० | हरित स्वयसेवकका लागि रूढ्रूढ्र तालिम (२ हसे) गोष्ठी तथा कार्यशाला | पटक | ३ | १६.५० | १ | ५.५० | १ | ५.५० | १ | ५.५० | |
| ११ | तालिम केन्द्रका स्रोत कृषकहरुका लागि अन्तर प्रदेश ट्राभलिङ्ग सेमिनार (गोष्ठी तथा कार्यशाला) | पटक | १ | ६.०० | १ | ६.०० | ० | ०.०० | ० | ०.०० | |
| १२ | तालिम पाठ्यक्रम तयारी प्रकाशन तथा वितरण (प्रचार प्रसार तथा सामाग्रि उत्पादन तथा प्रकाशन र वितरण) | पटक | १ | ०.५० | ० | ०.०० | ० | ०.०० | १ | ०.५० | |
| १३ | ओजेटी परिचालन कार्यक्रम (विविध कार्यक्रम) | पटक | ३ | १.५० | १ | ०.५० | १ | ०.५० | १ | ०.५० | |
| १४ | अनुगमन मूल्यांकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १२ | १.८० | ४ | ०.६० | ४ | ०.६० | ४ | ०.६० | |
| १५ | तालिम प्रभावकारीता अध्ययन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १२ | १.०० | ४ | ०.३० | ४ | ०.४० | ४ | ०.३० | |
| ग | **साधारण चालु (ब.उ.शी,.नं. ३१२०१०१२३)** | | | | | | | | | | |
| १ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको प्रशासनिक एवं उपभोग खर्च | | | १२९.३८ | | ४५.३० | | ४३.६४ | | ४०.४५ | |
| घ | **साधारण पुजीगत (ब.उ.शी,.नं. ३१२०१०१२४)** | | | | | | | | | | |
| १ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको मर्मत, रङरोगन, नयाँ भवन निर्माण तथा मेसिनरी औजार उपकरण खरिद | | | २७.०० | | २५.०० | | १.०० | | १.०० | |
| ङ | **सामाजिक विकास मन्त्रालय (संघ शसर्त अनुदान) (ब.उ.शी,.नं. ३५०००१२०३)** | | | | | | | | | | |
| १ | राष्ट्रिय युवा परिचालन कार्यक्रम (संघ शसर्त अनुदान) | | | ३.६० | | १.२० | | १.२० | | १.२० | |
| | जम्मा | | | ३५५.१६ | | १३९.७९ | | १२०.१९ | | ९५.१९ | |